# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

प.सं.: २०७९/०८०
च.नं.: ३३२

गण्डकी प्रदेश, नेपाल

मिति : २०७९/०५/२९

विषय : आ.व. २०७९/०८० को योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन ।

श्री वडा कार्यालयहरु सबै,
बेनी नगरपालिका, म्याग्दी ।

प्रस्तुत विषयमा बेनी नगरपालिकाको एघारौं नगरसभाबाट चालु आ.व. २०७९/०८० का लागि योजना तथा कार्यक्रम तर्जुमा भई सकेको व्यहोरा अवगत नै छ । बेनी नगरपालिकाको कामलाई पारदर्शी, जवाफदेही, जनमुखी, सरल र सहज बनाउनुका साथै नगरपालिकाको सेवामा सबैको सहज पहुँच सुनिश्चित गर्न एवं योजना सञ्चालन तथा भुक्तानी प्रकृयामा एकरुपता ल्याउने उद्देश्यका साथ चालु आ.व. २०७९/०८० को योजना तथा कार्यक्रम कार्यान्वयनमा देहाय बमोजिमको व्यवस्था अनिवार्य रुपमा पालना गर्नु गराउनुहुनु जानकारी गराउँदछु ।

तपसिल

(क) योजना कार्यान्वयन सम्बन्धी व्यवस्था :

१. सम्बन्धित योजनामा विनियोजन भएको रकम सोही शीर्षकमा मात्र कार्यक्रम गरी खर्च गर्नुपर्ने छ ।
२. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्न वा योजना तथा कार्यक्रम संशोधन गर्न पाइने छैन । खर्च शीर्षकमा तोकिएको अख्तियारी रकमभन्दा थप दायित्व पर्ने गरी खर्च गर्न पाइने छैन ।
३. बजेट विनियोजन नभएको योजना सञ्चालन तथा कार्यान्वयन गर्न पाइने छैन ।
४. नगरपालिकास्तरीय योजनाहरुमध्ये १५ लाख रुपैयाँसम्मका योजनाहरु उपभोक्ता समितिमार्फत र सो भन्दा बढी रकम विनियोजन भएका योजनाहरु ठेक्का प्रकृयाबाट सञ्चालन गरिने छन् । १५ लाख भन्दा बढीका योजना उपभोक्ता समिति मार्फत नै सञ्चालन गर्नुपर्ने भएमा सम्बन्धित वडा समितिको निर्णय र वडाको राय सहितको प्रस्ताव कार्यपालिकामा पेश गर्नुपर्नेछ ।
५. उपभोक्ता मार्फत सञ्चालन गरिने योजनाहरुमध्ये रु ५ लाख रुपैयाँसम्मका योजनाहरु सम्बन्धित वडा कार्यालयबाट र सो भन्दा बढीका योजनाहरु नगरपालिका मार्फत सञ्चालन गरिने छन् ।
६. वडास्तरीय योजनाको सम्झौता सम्बन्धित वडा कार्यालयको सचिवले गर्नुपर्ने छ । सम्झौता फाराममा सम्बन्धित वडाको वडा अध्यक्षलाई रोहवरमा राख्नुपर्ने छ । चालु आ.व. २०७९/०८० मा कार्यान्वयन हुने गरी विनियोजित सबै योजनाहरुको सम्झौता २०७९ माघ मसान्तभित्र सम्पन्न गरिसक्नुपर्ने छ ।
७. ५ लाख रुपैयाँ सम्मका योजनाहरुको लागत अनुमान तयारी वडामा रहेको प्राविधिक कर्मचारीले गर्नुपर्नेछ । लागत अनुमान स्वीकृत, योजनाको रनिङ बिल तथा अन्तिम मूल्याङ्कन प्रतिवेदन प्रमाणित वडा सचिवले गर्नुपर्नेछ । अन्तिम मूल्याङ्कन स्वीकृत गर्नुभन्दा अघि तोकिए बमोजिमको वडा अनुगमन

समितिबाट अनुगमन गरी गराई मात्र गर्नुपर्नेछ । वडास्तरबाट कार्यान्वयन हुने सबै योजनाहरुको वडा अनुगमन समितिबाट अनिवार्य रुपमा अनुगमन गराएको हुनुपर्ने छ ।

८. योजना कार्यान्वयनको क्रममा बेनी नगरपालिकाबाट छपाई गरी वितरण गरिएको उपभोक्ता समिति सहयोगी पुस्तिकाको अनिवार्य उपयोग गर्नुपर्नेछ ।

९. वडास्तरीय विभिन्न विषयगत तालिम तथा क्षमता विकासका कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन बेनी नगरपालिकाको विषयगत शाखासँगको समन्वयमा गर्नुपर्नेछ । कार्यक्रम सञ्चालन गर्नुपूर्व सञ्चालनको प्रस्तावना सम्बन्धित विषयगत शाखाको सिफारिसमा नगरपालिकाबाट स्वीकृत गरेपश्चात मात्र कार्यान्वयन गर्नुपर्ने छ ।

१०.योजना तथा कार्यक्रम कार्यान्वयनको विवरण निर्धारित योजना सफ्टवेयरमा अपलोड तथा अपडेट गर्नुपर्ने छ ।

(ख)वडाबाट गरिने खरिद सम्बन्धी व्यवस्था :

१. मिति २०७९ साउन २९ गतेको निर्णयानुसार स्वीकृत गरिएको खरिद योजना र वार्षिक कार्ययोजना अनुसार विपद व्यवस्थापन र वडा कार्यालय व्यवस्थापन शीर्षकमा विनियोजन भएको रकमबाट आवश्यक सामाग्री खरिद गर्नुपर्ने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिमको प्रकृया पूरा गरी खरिद गर्नुपर्ने छ ।

२. खरिद गर्नुपर्ने सामाग्रीका लागि सम्बन्धित उपभोक्ताहरुबाट माग संकलन वा वडा कार्यालयबाटै आवश्यकताको पहिचान सहितको माग प्रतिवेदन पेश गरेको हुनुपर्ने छ ।

३. उपभोक्ताको माग वा वडा कार्यालयबाट आवश्यकताको पहिचान सहितको प्रतिवेदनमा उल्लेखित मालसामानको किसिम, परिमाण, खरिद मूल्य र खरिद गर्नुपर्नाको कारण समेत उल्लेख गरी वडा समितिबाट निर्णय गराउनुपर्ने छ ।

४. वडा समितिको निर्णय अनुसार खरिद गर्नुपर्ने मालसामानको स्पेशिफिकेशन र परिमाण समेत खुलाई सात दिनको समय दिई कम्तिमा तीनवटा सेवाप्रदायक वा आपूर्तिकर्ताबाट दररेट माग गर्नुपर्ने छ ।

५. यसरी दररेट पेश गर्ने सेवाप्रदायक वा आपूर्तिकर्ताहरुमध्ये सबैभन्दा कम कबोल गर्ने सेवाप्रदायक वा आपूर्तिकर्ता छनौट गर्ने निर्णय समेत वडासमितिबाट गर्नुपर्नेछ । मालसामानको मूल्य जिल्ला दररेटमा निर्धारित मूल्यभन्दा बढी हुने गरी खरिद गर्न पाइने छैन ।

६. खरिद गरिएको विपद्जन्य सामाग्री वडामा रहेको जिन्सी खातामा आम्दानी बाँधी सम्बन्धित उपभोक्तालाई वितरण गर्दा भरपाई बनाई वितरण गर्नुपर्ने छ ।

७. उल्लेखित विपद् व्यवस्थापन र वडा कार्यालय व्यवस्थापन शीर्षकबाट मालसामान खरिद बाहेक अन्य निर्माण कार्यहरु एवं खरिद कार्यहरु वडा समितिबाट सोझै गर्न पाइने छैन र नियमानुसार उपभोक्ता समिति गठन गरी गर्नुपर्ने छ ।

(ग) योजना तथा कार्यक्रमको अनुगमन

१. वडास्तरमा कार्यान्वयन हुने ५ लाख रुपैयाँसम्मका योजनाहरुको अनुगमन सम्बन्धित वडास्तरीय अनुगमन समितिबाट गर्नुपर्ने छ । सो भन्दा बढी रकमका योजनाहरुको अनुगमन बेनी नगरपालिकाका नगर उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिले गर्नेछ । अनुगमन समितिले बेनी नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७९ बमोजिम निर्धारित विधिको प्रयोग गरी विभिन्न चरणमा अनुगमन गर्न सक्नेछ ।

२. वडास्तरीय योजनाको हकमा वडा अनुगमन समितिका अतिरिक्त उपभोक्ताहरु तर्फबाट गठित अनुगमन समितिबाट समेत अनुगमन भएको हुनुपर्नेछ ।

३. कार्यक्रमहरुको अनुगमन आवश्यकता अनुसार बेनी नगरपालिकाबाट समेत हुन सक्नेछ ।

(घ) बजेट निकासा तथा भुक्तानी

१. योजनाको अन्तिम भुक्तानीका लागि उपभोक्ता समिति सहयोगी पुस्तिका भरी आवश्यक बिल भरपाईहरु र कार्यस्थलका फोटो (योजना शुरु हुनुभन्दा अघिका केही र सम्पन्न भएपश्चातका केही) समेत टाँस गरी पेश गर्नुपर्नेछ ।

२. उपभोक्ता समितिले अन्तिम भुक्तानीका लागि पेश गर्दा नियमानुसार सार्वजनिक परीक्षण र खर्च सार्वजनिकीकरण लगायतका सबै प्रकृया पूरा गरी पेश गर्नुपर्नेछ ।

३. उपभोक्ता समितिबाट सबै प्रकृया पूरा भएपश्चात वडा कार्यालयको सिफारिस सहित भुक्तानीका लागि नगरपालिकामा लेखी पठाउनुपर्नेछ ।

४. वडा कार्यालयबाट गरिएका सम्पूर्ण क्रियाकलापहरुको सक्कलै बील, भरपाई लगायतका कागजात प्राप्त भएपश्चात मात्र भुक्तानीको कार्य अघि बढाइने छ । निर्धारित प्रकृया पूरा नगरेका, कागजात पूरा नभएका कार्यहरुको भुक्तानी हुने छैन ।

(ङ) बजेट खर्च र रकमान्तरः

१. पुँजीगत तथा चालु खर्चमा विनियोजन भएको रकम सोही शीर्षकमा मात्र कार्यक्रम गरी खर्च गर्नुपर्ने छ ।

२. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्न वा योजना तथा कार्यक्रम संशोधन गर्न पाइने छैन । खर्च शीर्षकमा तोकिएको अख्तियारी रकमभन्दा थप दायित्व पर्ने गरी खर्च गर्न पाइने छैन ।

३. रकम खर्च गर्दा स्वीकृत कार्यक्रम, बजेट सीमा, प्रचलित ऐन कानूनलाई ध्यानमा राखी खर्च गर्नुपर्ने छ ।

# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
२०७३

प.सं.: २०७९/०८०

गण्डकी प्रदेश, नेपाल

च.नं.:

४. स्वीकृत अख्तियारी तथा कार्यक्रम भन्दा थप आर्थिक दायित्व पर्ने कुनै पनि निर्णय गर्दा नगर कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

५. सभाबाट विनियोजित योजनाको शीर्षकभन्दा फरक शीर्षकमा योजना कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित वडा समितिको निर्णय र राय सहित संशोधनका लागि नगरसभाको हिउँदे अधिवेशनमा पेश गर्नुपर्ने छ ।

.............................................

(धोलकराज ढकाल)

प्रमुख प्रशासकीय अधिकृत

<u>सादर अवगतार्थ</u>

श्री नगरप्रमुखज्यू, बेनी नगरपालिका, म्याग्दी ।

श्री नगर उपप्रमुखज्यू, बेनी नगरपालिका, म्याग्दी ।

<u>बोधार्थ</u>

श्री प्रशासन शाखा, बेनी नगरपालिका, म्याग्दी ।

श्री योजना शाखा, बेनी नगरपालिका, म्याग्दी ।

श्री लेखा शाखा, बेनी नगरपालिका, म्याग्दी ।

श्री जिन्सी शाखा, बेनी नगरपालिका, म्याग्दी ।

श्री पूर्वाधार विकास तथा शहरी विकास शाखा, बेनी नगरपालिका, म्याग्दी ।